श्री
# धादिङ जिल्ला अदालत
धादिङ
(प्रशासन शाखा)

☎ ०१०-५२०४१२
०१०-५२१०५६

District Court
Dhading


पत्र संख्या : ०८१/८२
चलानी नं. ०८१-४६-००

## वैतनिक कानून व्यवसायी नियुक्ती सम्बन्धी सूचना।

**मिति:२०८२।०३।३२**

जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(१) बमोजिम वैतनिक कानून व्यवसायी रहने व्यवस्था अनुसार यस अदालतको आ.व. २०८२/०८३ बाट रिक्त हुने कानून व्यवसायी नियुक्तीको लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(२),(३),(४),(५) र (६) बमोजिम इच्छुक कानून व्यवसायीबाट दरखास्त आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस अदालतको प्रशासन शाखामा आफै उपस्थित भई दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. पदः वैतनिक कानून व्यवसायी।
२. आवश्यक पद संख्याः १(एक)
३. संलग्न गर्नुपर्ने कागजातहरुः
   - नेपाली नागरिकताको प्रतिलिपि।
   - कानूनमा कम्तीमा स्नातक/स्नातकोत्तर उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि।
   - सम्बन्धित विषयमा कुनै तालिम गरेको भए सो को प्रतिलिपि।

४. प्रदान गर्नुपर्ने सेवाः वैतनिक कानून व्यवसायीको हैसियतले प्रदान गर्नुपर्ने सेवाहरु।
५. पारिश्रमिकः तोकिए अनुसार।
६. पदावधीः १(एक) वर्ष
७. दरखास्त दस्तुरः रु १०/-
८. छनोटको किसिमः अन्तरवार्ता र तोकिएको अन्य आधारमा।
९. अन्तरवार्ता मितिः दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट तोकिनेछ।
१०. नियुक्ती लिन आउने मितिः नियुक्तिको लागि छनोट भएको ७(सात) दिन भित्र।
११. म्याद नाघी वा रित नपुगी आएका दरखास्त उपर कुनै कारबाही हुने छैन।

-----------------------
माधव भण्डारी
श्रेस्तेदार(उप-सचिव)

*नोटः विस्तृत जानकारीको लागि प्रशासन शाखामा सम्पर्क गर्नुहोला*